लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# लुम्बिनी प्रादेशिक अस्पताल

बुटवल, रुपन्देही

**Email:lzhospital@gmail.com**

सम्पर्क नं.०७१-५३२२४८

## सेवा करारमा कर्मचारी पदपूर्ती सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित सूचनाः २०८३/०१/२१

यस अस्पतालको प्रदेश सरकार स्वीकृत दरवन्दी र अस्पताल आन्तरिक श्रोत तर्फ तपसिल बमोजिमका स्वीकृत रिक्त पदमा लुम्बिनी प्रदेश सरकार करार कर्मचारी व्यवस्थापन कार्यविधि, २०८० (पछिल्लो संशोधन) बमोजिम खुल्ला प्रतिस्पर्धाबाट चालु आ.व.आषाढ मसान्त सम्मका लागि सेवा करारमा कर्मचारी पदपूर्ति गर्नु पर्ने भएकोले आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका इच्छुक नेपाली नागरिकले रितपूर्वक भरेको दरखास्त फाराम सहित तोकिएको कागजात र राजश्व तिरेको बैक भौचर रसिद संलग्न गरि सूचना प्रकाशन भएको मितिले १० (दश) दिन भित्र कार्यालय समयमा यस अस्पतालमा निवेदन दिनको लागि यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

| सि.नं. | विज्ञापन नं. | पद तथा सेवा समूह | तह | माग पद संख्या | न्यूतम शैक्षिक योग्यता | आवेदन दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ७/२०८२/०८३ | कन्सल्टेण्ट मेडिकल जनरलिष्ट | ९ | २ | प्रदेश लोक सेवा आयोले लुम्बिनी प्रदेशले निर्धारण गरे बमोजिम | १२०० | प्रदेश सरकार रिक्त दरवन्दी |
| २ | ८/२०८२/०८३ | कन्सल्टेण्ट कार्डियोलोजिष्ट | ९ | १ | | १२०० | प्रदेश सरकार रिक्त दरवन्दी |
| ३ | ९/२०८२/०८३ | कन्सल्टेण्ट युरो सर्जन | ९ | १ | | १२०० | प्रदेश सरकार रिक्त दरवन्दी |
| ४ | १०/२०८२/०८३ | कन्सल्टेण्ट रेडियोलोजिष्ट | ९ | १ | | १२०० | अस्पताल आन्तरिक श्रोत (विशेषज्ञ सेवा सुदृढिकरण कार्यक्रम) |
| ५ | ११/२०८२/०८३ | कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट | ९ | १ | | १२०० | अस्पताल आन्तरिक श्रोत (विशेषज्ञ सेवा सुदृढिकरण कार्यक्रम) |
| ६ | १२/२०८२/०८३ | कन्सल्टेण्ट जनरल सर्जन | ९ | १ | | १२०० | अस्पताल आन्तरिक श्रोत (विशेषज्ञ सेवा सुदृढिकरण कार्यक्रम) |
| ७ | १३/२०८२/०८३ | कन्सल्टेण्ट ग्याष्ट्रोइन्टेरोलोजिष्ट | ९ | १ | | १२०० | अस्पताल आन्तरिक श्रोत (विशेषज्ञ सेवा सुदृढिकरण कार्यक्रम) |
| ८ | १४/२०८२/०८३ | कन्सल्टेण्ट अंको सर्जन | ९ | १ | | १२०० | अस्पताल आन्तरिक श्रोत (विशेषज्ञ सेवा सुदृढिकरण कार्यक्रम) |
| ९ | १५/२०८२/०८३ | फिजियोथेरापिष्ट | ७ | १ | | १००० | प्रदेश सरकार रिक्त दरवन्दी |
| १० | १६/२०८२/०८३ | मेडिकल रेकर्ड अधिकृत | ७ | १ | | १००० | प्रदेश सरकार रिक्त दरवन्दी |
| ११ | १७/२०८२/०८३ | रेडियोग्राफी टेक्नोलोजिष्ट | ७ | १ | | १००० | प्रदेश सरकार रिक्त दरवन्दी |
| १२ | १८/२०८२/०८३ | डाइटिसियन सुपरभाइजर | ५ | १ | | ५०० | प्रदेश सरकार रिक्त दरवन्दी |
| १३ | १९/२०८२/०८३ | कम्प्युटर सव इन्जिनियर | ५ | १ | | ५०० | अस्पताल आन्तरिक श्रोत |
| १४ | २०/२०८२/०८३ | जु. मेडिकल रेकर्ड असिस्टेण्ट | ४ | १ | | ४०० | प्रदेश सरकार रिक्त दरवन्दी |
| दरखास्त बुझाउने स्थान :लुम्बिनी प्रादेशिक अस्पताल,बुटवल | | | | | दरखास्त बुझाउने अन्तिम मिति २०८३/०१/३० | | |

**नोटः** विज्ञापन नं. ७,८,९,१५,१६,१७ का पदहरुको आवेदक संकलन अस्पतालबाट हुने र छनौट प्रक्रिया स्वास्थ्य मन्त्रालय लुम्बिनी प्रदेशबाट करार कर्मचारी व्यवस्थापन कार्यविधि, २०८० (पछिल्लो संशोधन) बमोजिम हुनेछ । अन्य विषयमा विस्तृत जानकारीको लागि यस अस्पतालको सूचना पाटी, आधिकारीक Facebook page : Lumbini Provincial Hospital तथा वेवसाइट : www.lphospital.gov.np मा हेर्नुहोला ।

१.दरखास्त फारमः करार कर्मचारी व्यवस्थापन कार्यविधि २०८०(पछिल्लो संशोधन) को अनुसुचि १ अनुसार भर्नु पर्नेछ ।

२. न्युनतम योग्यताः प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशले माथि उल्लेखित पदका लागि निर्धारण गरेको न्युनतम योग्यता हासिल गरेको व्यक्ति हुनुपर्नेछ। र जुनियर मेडिकल रेकर्डको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित र बिज्ञान विषय लिई SLC/SEE उतिर्ण गरि सम्बन्धित विषयमा कम्तिमा ६ महिना तालिम प्राप्त गरेको वा तथ्यांकशास्त्र वा गणित विषय लिई +२ उतिर्ण गरेको र कम्प्युटर सव ईन्जिनियरको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट Diploma in Computer Engineering वा Diploma in Information Technology (IT) Computer Science उतिर्ण गरेको हुनपर्नेछ।

३. अनुभवः
- शुरु नियुक्ति पत्र वा सो अनुसारको करार पत्र सहित म्याद थपका पत्रहरु वा अनुभव चाहिने सेवा अवधि भरको सम्वन्धित निकायमा गरेको हाजिरी कपिको प्रमाणित प्रतिलिपी वा सम्वन्धित निकायले हाजिरि सिफारिश गरि सो को अन्य पेश भएको प्रमाणले प्रमाणित हुने कागजात।
- तलव भत्ता भुक्तानी गरेको तलवी सिट वा सम्वन्धित निकायले पत्र लेखि निजको नाममा तोकिएको कर कट्टी गरि तलव भत्ता बुझाएको प्रमाणित गरि दिएको पत्र वा तलब भुक्तानी भएको खुल्ने बैंक स्टेटमेण्ट र तलव भत्ता भुक्तानी गर्दा नियमानुसार सम्वन्धित व्यक्तिबाट कट्टा गरी निजको नाममा सरकारलाई बुझाउनु पर्ने कर बुझाएको प्रमाणित निस्सा ।

४. तालिमः सम्वन्धित सेवा, समुह, तह र पदको कार्य सँग सम्वन्धित ३०कार्य दिन भन्दा बढीको तालिम प्रमाण पत्र पेश गर्न पर्नेछ । सम्वन्धित सेवा समुहको हो होइन भन्ने विषयमा द्विविधा भएमा सम्वन्धित विज्ञ चिकित्सकबाट एकिन गरिए बमोजिम हुने।

५. परिक्षाको किसिमः संक्षिप्त सुची (Short List) र अन्तरवार्ता ।

६. उमेरः विज्ञापन नं. ७ देखि १७ सम्मको लागि कम्तिमा २१ बर्ष पुरा भै ४५ बर्ष उमेर ननाघेको हुनुपर्ने छ र विज्ञापन नं. १८ देखि २० सम्मको लागि कम्तिमा १८ बर्ष पुरा भै ४५ बर्ष उमेर ननाघेको हुनुपर्ने छ ।

७. दरखास्त दिने स्थानः लुम्विनी प्रादेशिक अस्पताल, बुटवल रुपन्देही ।

८. दरखास्त दिने अन्तिम मितिः २०८३ बैशाख ३० गते कार्यालय समय भित्र ।

९. आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरुः शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपी, पासपोर्ट साईजको फोटो १ प्रति, राजश्व तिरेको सक्कल रसिद तथा सम्वन्धित पदको माथि उल्लेखित अनुसारको मात्र अनुभव एवं कुनै तालिम प्राप्त भए सो को प्रमाणित प्रतिलिपि।

१०. परीक्षाको मिति, समय, र स्थानः अर्को सूचना तथा संक्षिप्त सूचीको नतिजा प्रकाशन सगै सूचना प्रकाशन गरिने छ ।

११. पदमा रही गर्नुपर्ने कामको विवरणः सेवा, समुह सम्वन्धी तथा करार सम्झौतामा तोकिए बमोजिम ।

१२. तलब, सुबिधा तथा सेवा शर्तः तलव स्केल प्रचलित कानुन बमोजिम र अन्य सेवा,शर्त र सुविधा करार सम्झौता बमोजिम अनुसार हुनेछ ।

१३. दर्ता भएका दरखास्त फारम सहितका उपलब्ध कागजातको आधारमा संक्षिप्त सूचीको लागि अंक गणना हुने र फाइलमा तोकिएको योग्यता पुग्ने कागजात वा प्रमाणपत्र नभएको पाइएमा वा नियमानुसार रित नपुगेको पाइएमा पदपूर्ति समितले उक्त दरखास्त रद्ध गर्न सक्नेछ ।

**नोटः दरखास्त दस्तुर जम्मा गर्नको लागि नेपाल कृषि विकास बैङ्क लिमिटेडको खस्यौली शाखामा राजश्व दाखिला निम्न विवरण राखि भर्नु पर्ने छ ।**

राजश्व खाता नं :- ०४१४७०१४२५६७८०१९

कार्यालयको नामः लुम्विनी प्रादेशिक अस्पताल ।

कार्यालय कोडः ३७००१४८०३५

राजश्व शीर्षक नः परिक्षा दस्तुर

प्रमुख मेडिकल सुपरिटेण्डेण्ट